# नमुना विद्यालय सञ्चालन कार्यविधि, २०७४

**प्रस्तावना :**

परम्परागत शैलिमा संचालित विद्यालय र शैद्धान्तिक कोरा किताबी ज्ञानले मात्र आधुनिक विश्वसँग प्रतिस्पर्धा गर्न सक्षम जनशक्ति उत्पादन गर्ने कार्य प्राय: असम्भव छ । आधुनिक तिव्र प्रतिस्पर्धात्मक युगमा वैज्ञानिक चिन्तन र सूचना तथा प्रविधिसँग परीचित व्यक्तिहरुबाट मात्र विश्व सामु प्रतिस्पर्धा गर्न सकिन्छ । व्यक्तिगत रुचि र विभिन्नताको आधारमा शिक्षा दिन सकियो भने मात्र समाज र राष्ट्रको विकासको निम्ति विभिन्न क्षेत्रमा आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्न सकिन्छ ।

आधुनिक, बैज्ञानिक, व्यवहारीक र प्रयोगात्मक शिक्षालाई मुर्त रुप दिदैं विभिन्न क्षेत्रमा आवश्यक पर्ने ज्ञान, सीप र क्षमताले सुसुज्जित दक्ष जनशक्ति उत्पादन गर्नको लागि आधारशिला तयार पार्ने र नगरपालिका क्षेत्रभित्र नै गुणस्तरिय र जीवनउपयोगी शिक्षाको व्यवस्था गरी अन्य नगरपालिका क्षेत्रभित्र सञ्चालित विद्यालयहरुलाई समेत मार्गदर्शन गर्न सार्वजनिक र निजि क्षेत्रको साझेदारीमा नमुना विद्यालयको स्थापना गरी सञ्चालन गर्न वान्छनिय भएकोले नेपालको संविधान २०७२ को अनुसुचि ८ ले स्थानीय सरकारलाई दिएको आधारभूत तथा माध्यामिक शिक्षा सम्बन्धी अधिकार अनुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) ज.२, आठविसकोट नगर शिक्षा ऐन, २०७४ को दफा ३६ को उपदफा (२), नगर शिक्षा नियमावली, २०७४ को नियम १२.क ले दिएको अधिकार प्रयोग गरी आठविसकोट नगर कार्यपालिकाले नमुना विद्यालय स्थापना तथा सञ्चालन कार्यविधि, २०७४ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक
### संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम "नमुना विद्यालय स्थापना र सञ्चालन कार्यविधि २०७४" रहेको छ ।

(२) यो कार्यविधि आठविसकोट नगरपालिका क्षेत्रमा लागु हुनेछ ।

(३) यो कार्यविधि आठविसकोट नगर कार्यपालिकाबाट पारीत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "कार्यविधि" भन्नाले आठविसकोट नगरपालिकाबाट पारीत नमूना विद्यालय स्थापना र सञ्चालन कार्यविधि २०७४ लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले आठविसकोट नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "नमुना विद्यालय" भन्नाले आठविसकोट नगरपालिकाको केन्द्रमा स्थापना भई सञ्चालन हुने विद्यालयलाई सम्झनु पर्छ ।

(घ) "शिक्षा ऐन" भन्नाले संघीय शिक्षा ऐन का अतिरिक्त नगर शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ङ) "शिक्षा नियमावली" भन्नाले आठविसकोट नगरपालिका शिक्षा नियमावली २०७४, लाई सम्झनु पर्छ ।

(च) "शिक्षक" भन्नाले नमुना विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनु पर्छ । र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

(छ) "साझेदारी विद्यालय" भन्नाले आठविसकोट नगरपालिका र शिक्षा सम्वन्धि कार्य गर्ने संस्था वा शहकारी वा प्रा.लि. को सयुंक्त लगानिमा सञ्चालन हुने विद्यालयलाई सम्झनु पर्छ ।

(ज) "कर्मचारी" भन्नाले नमुना विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ ।

(झ) "व्यवस्थापन समिति" भन्नाले नमुना विद्यालय सञ्चालन, रेखदेख तथा व्यवस्थापन गर्नका लागि खण्ड २२ बमोजिम गठित समितिलाई सम्झनु पर्छ ।

(ञ) "अनुमति" भन्नाले आठविसकोट नगरपालिका वा नगरपालिका र शिक्षा सम्बन्धि काम गर्ने निजी, गुठी वा सहकारी संस्थाको सयुंक्त लगानिमा सञ्चालन हुने गरी नगरपालिकाले तोकेको ठाँउमा वा क्षेत्रमा नमुना विद्यालय खोल्ने वा कक्षा थप गर्ने दिएको अस्थायी स्वीकृतिलाई जनाउँदछ ।

(ट) "निजी संस्था" भन्नाले कम्पनि रजिष्ट्रारको कार्यालयमा दर्ता भई शिक्षा क्षेत्रमा काम गरीरहेको निजी संस्थालाई सम्झनु पर्छ ।

(ठ) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ड "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले आठविसकोट नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनुपर्छ ।

(ढ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखा प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

## परिच्छेद ३
## नमुना विद्यालय स्थापना र सञ्चालन अनुमति

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

३. **नमूना विद्यालय स्थापना र संचालन गर्न सकिने :** (१) नगरपालिकाको पूर्ण लगानीमा वा नगर शिक्षा ऐन, २०७४ को दफा ३८ मा उल्लेख भए अनुसारका संस्थाहरुसँग साझेदारी गरी नमूना विद्यालय स्थापना र संचालन गर्न सकिनेछ ।

(२) नगरपालिकाले नगरपालिकाको पूर्ण लगानीमा संचालन गर्ने भए नगर कार्यपालिकाको निर्णयानुसार र साझेदारीमा संचालन गर्ने भए साझेदारीको मोडेल, साझेदार संस्थाहरुको लगानीको हिस्सा, साझेदारीको प्रक्रिया समेत खुलाई कम्तिमा पन्ध्र दिन म्याद भएको साझेदारीको लागि आह्वान गरिएको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) साझेदारीको लागि प्राप्त प्रस्तावहरुको जाँचबुझ गरी शिक्षा शाखा प्रमुखले शिक्षा समितिमा पेश गर्नुपर्नेछ ।

(४) नगर शिक्षा समितिले सोही प्रतिवेदनको आधारमा नगर शिक्षा समितिले उपयुक्त प्रस्तावदाताको छनौटको निर्णय गर्नेछ र उक्त प्रस्तावदातासँग नमूना विद्यालय संचालनको लागि साझेदारी गरिनेछ ।

(५) प्रस्तावदाताको छनौट गर्दा आठविसकोट नगरपालिका शिक्षा नियमावली २०७४, को नियम ६ को शर्त तथा वन्देज पालना गर्ने र नियम ४ बमोजिमका पूर्वाधारहरु पुरा गर्ने शिक्षा क्षेत्रसंग सम्बन्धित प्रस्तावदाताहरुलाई साझेदारीमा आधारभुत तह तथा माध्यामिक तहको विद्यालय स्थापना गरी सञ्चालन गर्ने अनुमतिको लागि प्राथमिकता दिईनेछ ।

## परिच्छेद २
## नामाकरण र चिन्ह

४. **विद्यालयको नामाकरण** : विद्यालयको नामाकरण नगर शिक्षा नियमावली, २०७४ बमोजिम हुनेछ ।

५. **विद्यालयको चिन्ह** : विद्यालयको चिन्ह नगर शिक्षा नियमावलीको नियम ७० बमोजिम हुनेछ ।

## परिच्छेद ३
## भौतिक पूर्वाधार

६. **शिक्षा नियमावलीमा उल्लेख भए अनुसारका पूर्वाधार पूरा गर्नुपर्ने** : (१) नमूना विद्यालय संचालन गर्नको लागि आठविसकोट नगर शिक्षा नियमावली २०७४, नियम ४ संग सम्वन्धित अनुसुचि २ बमोजिमका पूर्वाधारहरु पूरा गर्नु पर्नेछ ।

(२) नमूना विद्यालयको आफ्नो स्वामित्वमा भौतिक पूर्वाधार नहुञ्जेलसम्मको लागि भाडामा उक्त भौतिक पूर्वाधारको व्यवस्था गरी नमूना विद्यालय संचालन गर्न सकिनेछ ।

(3) नमूना विद्यालय संचालनको लागि आवश्यक भौतिक संरचना भाडामा लिँदा उक्त संरचना भाडामा दिन इच्छुक व्यक्ति वा संस्थालाई दरखास्तको लागि आह्वान गरी कम्तिमा सात(७) दिन म्याद भएको सार्वजनिक सूचना सबैको जानकारीको लागि प्रकाशन गर्नुपर्नेछ ।

(४) सूचनामा उल्लेख भए अनुसारको भौतिक संरचना भाडामा उपलब्ध गराउन सक्ने उपयुक्त व्यक्ति वा संस्थाको दरखास्त सदर गरी निश्चित अवधिको लागि भाडामा लिई नमूना विद्यालय संचालन गर्न सकिनेछ ।

तर उपखण्ड(४) मा जुनसुकै कुरा उल्लेख भएतापनि नमूना विद्यालय संचालन भएको पाँच वर्षभित्र विद्यालयको नाममा आफ्नै जग्गा तथा भौतिक संरचना भईसक्नुपर्नेछ ।

## परिच्छेद ५
## शैक्षिक व्यवस्था

७. **विद्यार्थी संख्या** : एउटा कक्षा कोठामा ४५ जना भन्दा बढि विद्यार्थीहरु राखि पठनपाठन गर्न पाईने छैन ।

८. **विद्यार्थी भर्ना** : (१) आधारभुत तह (१-५) मा विद्यार्थी भर्नाको लागि एउटा सेक्सनमा ४५ जना पर्ने गरी कम्तिमा पन्ध्र दिन म्याद भएको सार्वजनिक सूचना आह्वान गरिनेछ ।

(२) सूचनामा उल्लेख भए अनुसार तोकिएको अवधिभित्र दरखास्त परेका परिक्षार्थी बालबालिकाहरुविच प्रतिस्पर्धा गराई कूल अंकको कम्तिमा पचास प्रतिशत अंक प्राप्त गर्न सक्ने बालबालिकाहरुलाई सम्बन्धित कक्षामा भर्ना गरिनेछ ।

तर नमूना विद्यालय (कक्षा १ देखि ५ सम्मको लागि मात्र) मा एउटा कक्षामा आवश्यकता अनुसार सेक्सन हुन सक्नेछन् ।

(3) माध्यामिक तह (६-१०) को विद्यार्थी भर्ना नगर कार्यपालिकाको निर्णयानुसार खुला प्रतिस्पर्धा गराई आठविसकोट नगरपालिकाका प्रत्येक वडाबाट प्रत्येक कक्षामा जनसंख्याको अनुपातमा दुईदेखि चार जना र आठविसकोट नगरपालिका बाहिरबाट समेत बढिमा १५ जना भर्ना हुने गरी भर्ना व्यवस्थापन गर्नुपर्नेछ ।

९. **शिक्षक तथा कर्मचारी व्यवस्थापन** : आठविसकोट नगरपालिकामा सञ्चालन हुने नमुना विद्यालयमा देहाय बमोजिम शिक्षक तथा कर्मचारी रहनेछन् :

आठविसकोट नगरपालिका, रुकुम(पश्चिम)

| क्र.सं. | तह | शिक्षक संख्या | संगित शिक्षक | कर्मचारी | सहयोगि | बा.वि.के. |
|---|---|---|---|---|---|---|
| १ | आधारभुत तह (१-५) | ५ जना | | २ जना | २ जना | १ जना |
| जम्मा | | ५ | | २ जना | २ जना | १ जना |
| २ | आधारभूत तह (६-८)<br>माध्यमिक तह (९-१०) | ४ जना<br>५ जना | १ जना | ३ | ३ जना | २ जना डिआई काउनसिलर<br>१ जना |
| जम्मा | | ९ जना | १ जना | ३ जना | २ जना | ३ जना |

१०. **शिक्षकहरुको योग्यता :-** नगर शिक्षा ऐन र नगर शिक्षा नियमावलीमा उल्लेख भए अनुसारको योग्यता भएका व्यक्तिहरु नमूना विद्यालयमा शिक्षकको रुपमा नियुक्त हुन सक्नेछन् ।

११. **शिक्षक कर्मचारी तलब भत्ता :** नेपाल सरकारको प्रचलित स्केल बमोजिम शिक्षक तथा कर्मचारीको तलब भत्ता नगरपालिकाबाट उपलब्ध गराईनेछ ।

१२. **शिक्षक छनौट** : आठविसकोट नगर शिक्षा नियमावली, २०७४ बमोजिम शिक्षकहरुको छनौट गरिनेछ ।

१३. **शुल्क निर्धारण** : १) नमूना विद्यालयमा अध्ययन गर्न चाहने बालबालिकाहरुका अविभावकहरुले नगर शिक्षा समितिले तोके बमोजिमको शिक्षण शुल्क वापतको रकम विद्यालय कोषमा जम्मा गर्नुपर्नेछ र उक्त शुल्क विद्यालयको संचालन र व्यवस्थापनको लागि उपयोग गरिनेछ । तर अति गरीब तथा विपन्न समुदायका , जेहेन्दार बालबालिकालाई कुनै शुल्क लाग्ने छैन ।

२) नियम १३ को उपनियम १ मा जुनसुकै कुरा लेखिएता पनि परिक्षा शुल्क, कोचिङ शुल्क, बोडस शुल्क, डे बोडस शुल्क, खाना नास्ता, पोशाक, अतिरिक्त पाठ्यपुस्तक जस्ता शुल्क विद्यार्थीको अभिभावकले व्यहोर्नु पर्नेछ ।

१४. **पाठ्यक्रम** : (१) नेपाल सरकारबाट स्विकृत पाठ्यक्रम लागु गर्नु पर्नेछ ।
(२) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रमका अतिरिक्त नमुना विद्यालयमा नगर शिक्षा समितिको स्विकृत लिई आवश्यकता अनुसार थप पाठ्यपुस्तक लागु गरिनेछ ।

१५. **पठनपाठनको माध्यम** : (१) नमुना विद्यालयमा पढाई हुने भाषाको माध्यम अंग्रेजी हुनेछ ।
तर नेपाली, सामाजिक, नैतिक शिक्षामा आधारित थप पाठ्यक्रम नेपाली भाषामा पढाई हुनेछन् ।

१६. **खाता सञ्चालन :** (१) नमुना विद्यालय संचालनको लागि एक नमूना विद्यालय सञ्चालन कोषको स्थापना गरिनेछ ।
(२) नमूना विद्यालय संचालन कोषमा देहायको रकम जम्मा हुनेछन् :
(क) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाबाट प्राप्त अनुदान
(ख) नगर शिक्षा कोषबाट प्राप्त अनुदान
(ग) विभिन्न शुल्कबाट प्राप्त अनुदान
(घ) चन्दा वा दान दातव्यबाट प्राप्त अनुदान
(ङ) विद्यालय सञ्चालनको क्रममा होस्टेल सञ्चालन, ट्युशन, कोचिङ कक्षा संचालन, भर्ना शुल्क, साझेदार निकायहरुको शेयरबाट प्राप्त रकम
(ङ) अन्य स्रोतबाट प्राप्त रकम
(२) नमूना विद्यालयको खाताहरुको संचालन नगर शिक्षा नियमावली अनुसार हुनेछ ।

१७. **छात्रबृत्ति :** (१) नमुना विद्यालयमा अध्ययनरत कम्तिमा २५ प्रतिशत विद्यार्थीहरुलाई प्रत्येक वर्ष छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।
(२) छात्रवृत्ति सम्बन्धी मापदण्ड तथा कार्यविधि नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१८. **कोषको रकम खर्च गर्न सकिने** : नमूना विद्यालय संचालन कोषमा जम्मा भएको रकम देहायका शीर्षकहरुमा खर्च गर्न सकिनेछ :
(क) शिक्षकहरुको तलब, भत्ता र सुविधा,
(ख) विद्यालयको भौतिक संरचना निर्माण, होस्टेल सञ्चालन र व्यवस्थापन,
(ग) विद्यालयको प्रशासकीय खर्च, पुस्तक खरिद,
(घ) विद्यालय व्यवस्थापन समितिको निर्णयानुसारको अन्य क्षेत्रहरुमा,

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

१९. **रकम जम्मा गर्नुपर्ने :** विद्यालय सञ्चालन गर्दा सुरुमा साझेदार पक्षहरुले पचास/पचास प्रतिशत शेयर कायम हुने गरी कम्तिमा पाँच लाख रुपैयाँ विद्यालयको कोषमा जम्मा गर्नुपर्नेछ ।

तर नगरपालिकाको पूर्ण लगानीमा संचालन हुने नमूना विद्यालयको हकमा यो व्यवस्था लागू हुने छैन् ।

२०. **स्वामित्व कायम रहने** : (१) विद्यालय सञ्चालनको क्रममा विद्यालयलाई प्राप्त कूल आम्दानीमध्ये असी प्रतिशत रकम विद्यालय संचालनको लागि खर्च गरिनेछ र बाँकी रकम साझेदार पक्षहरुलाई वराबरी सिद्धान्तको आधारमा लाभांशको रुपमा वितरण गरिनेछ ।

(२) नगरपालिकालाई प्राप्त लाभांश नगरपालिकाको संचित कोषमा जम्मा गर्नु पर्नेछ ।

(३) नगरपालिकाको पूर्ण लगानीमा संचालन हुने नमूना विद्यालयको हकमा विद्यालयको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्तिमा नगरपालिकाको पूर्ण स्वामित्व कायम हुनेछ ।

२१. **लेखा र लेखापरिक्षण सम्बनधी व्यवस्था** : (१) नमूना विद्यालयको लेखा प्रचलित कानून बमोजिम राख्नुपर्नेछ ।

(२) नमूना विद्यालयको लेखा परिक्षण नगरपालिकाले तोकेको लेखा परिक्षकबाट हुनेछ ।

(3) लेखा र लेखा परिक्षण सम्बन्धी अन्य व्यवस्था नगर शिक्षा नियमावली तथा प्रचलित अन्य आर्थिक कानून बमोजिम हुनेछ ।

## परिच्छेद ६
## नमूना विद्यालय व्यवस्थापन समिति

२२. **समितिको गठन** : (१) नमुना विद्यालयको संचालन र व्यवस्थापनको लागि एक नमूना विद्यालय संचालक समिति गठन गरिनेछ ।

(२) नमूना विद्यालय संचालन समितिमा देहायका पदाधिकारीहरु रहनेछन् :

क) नमुना विद्यालय सञ्चालन साझेदार संस्थाबाट सिफारीस भई नगर शिक्षा समितिबाट मनोनित १ जना - अध्यक्ष

ख) अविभावक मध्येबाट १ जना महिला पर्ने गरी २ जना - सदस्य

ग) आधारभुत तथा माध्यमिक शिक्षा कार्यालयको प्रतिनिधि १ जना - सदस्य

घ) सम्वन्धित विद्यालयका शिक्षकहरुले आफुमध्ये बाट पठाएको १ जना - सदस्य

ङ) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

(3) नमुना विद्यालय सञ्चालन समितिको कार्य अवधि ४ वर्षको हुनेछ ।

(४) नमुना विद्यालय व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार नगर शिक्षा नियमावलि, २०७४ बमोजिम हुनेछ ।

२३. **तदर्थ समिति गठन गर्न सकिने :-** (१) नमूना विद्यालय संचालनको लागि प्रारम्भिक कार्यहरु गर्न नगर कार्यपालिकाको निर्णयानुसार एक तदर्थ समिति गठन गर्न सकिनेछ ।

(२) तदर्थ समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नमूना विद्यालय संचालनको लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, बजेट इत्यादीको सिफारिस गर्ने,

(ख) साझेदारीमा नमूना विद्यालय संचालन गर्ने भए साझेदारीको मोडेल, प्रक्रिया, साझेदार संस्थाहरुले गर्नुपर्ने लगानीको अंश, सम्पत्तिमाथिको स्वामित्वको बारेमा सिफारिस गर्ने,

(ग) नगर कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यहरु गर्ने

(२) तदर्थ समितिको समयावधि बढिमा महिनाको हुनेछ ।

(३) तोकिएको अवधिभित्र समितिले आफ्नो सुझाव सहितको प्रतिवेदन नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(४) तदर्थ समिति सम्बन्धी अन्य व्यवस्था तोके बमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

२४. **नगर शिक्षा ऐन र नियमावलिको पूर्ण पालना गर्नुपर्ने :** नमूना विद्यालय संचालन गर्ने निकायहरुले नगर शिक्षा ऐन, २०७४ र नगर शिक्षा नियमावली, २०७४ को पूर्ण पालना गर्नुपर्नेछ ।

२५. **कार्यविवरण :** (१) नमूना विद्यालय संचालनको लागि नगरपालिकाको पूर्ण लगानीमा संचालन हुनेदेखि वाहेक नगरपालिकाले साझेदार निकायसँग साझेदारीमा उल्लेख भएका शर्तहरुको आधारमा कार्यविवरण तयार गरी लागू गर्नुपर्नेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

(२) नमुना विद्यालय सञ्चालन गर्नको लागि आठविसकोट नगरपालिका र नमुना विद्यालय सञ्चालन साझेदार संस्था देहायका कार्यमा जिम्मेवार हुनेछन् :-

| क्र.सं. | कार्य विवरण | जिम्मेवारी लिने पक्ष | कैफियत |
|---|---|---|---|
| १. | विद्यालयको नाम | दुवै पक्षको समझदारीमा | |
| २. | करार सम्झौता | दुवै पक्षको समझदारीमा | |
| ३. | करार सम्झौता परिवर्तन | दुवै पक्षको समझदारीमा | |
| ४. | अनुगमन तथा नियमन | नगरपालिका | |
| ५. | विद्यालय सञ्चालन | नगरपालिका र साझेदार संस्था | |
| ६. | होस्टेल तथा क्यान्टिन सञ्चालन | साझेदार संस्था | |
| ७. | विद्यालय भवन, खेल मैदान, घेराबार, होस्टेल ब्लक र फर्निचर निर्माण तथा व्यवस्थापन | साझेदार संस्था | |
| ८. | विद्यालय भवन र खेल मैदान | नगरपालिका | |
| ९. | ल्याब (कम्प्युटर र विज्ञान), पुस्तकालय, खेलकुद सामाग्री | नगरपालिका | |
| १०. | शैक्षिक गतिविधि सञ्चालन | दुवै पक्षको समझदारीमा | |
| ११. | दुवै विद्यालयको भौतिक सामाग्रीहरुको स्वामित्व | नमुना विद्यालयको नाममा रहने | |
| १२. | अन्य आवश्यक कार्य विवरण | दुवै पक्षको समझदारीमा | |
| १३. | समझदारीको उल्लंघन गरिएमा प्रचलित कानून बमोजिम दण्ड तथा सजाय गर्ने | नगरपालिका | |

२६. **व्यवस्थापन करार गर्न सक्ने :-** नगरपालिकाको पूर्ण स्वामित्वमा संचालन हुने नमूना विद्यालयको देहायका कार्यहरुको व्यवस्थापन गर्न नगरपालिकाले निजि क्षेत्रसँग निश्चित अवधिको लागि प्रचलित कानूनहरुको पालना गरी व्यवस्थापन करार गर्न सक्नेछ ।

(क) होस्टेल तथा क्यान्टिन संचालन

(ख) पुस्तकालय संचालन

(ग) विद्यार्थीहरुको लागि पोसाक व्यवस्थापन

(ग) नगर कार्यपालिकाको निर्णयानुसारका अन्य कार्यहरु

२७. **यसै बमोजिम भएको मानिने :-** नमूना विद्यालय संचालन सम्बन्धमा यस कार्य विधिमा उल्लेख भए अनुसार यस अघि भएका कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।

२८. **अमान्य हुने :** यस कार्यविधिमा उल्लेख भएका कुराहरु नेपालको संविधान र सो अनुसार बनेका कानूनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

आठबिसकोट नगरपालिका, रुकुम(पश्चिम)

**नगरकार्यपालिकाबाट स्वीकृती**
**मिति: २०७४/११/१९**

**प्रमाणिकरण मिति**
२०७५/०२/०५